# पाठ - 14
# शिर्क र त्यसको प्रकारहरू

# الدرس الرابع عشر - نيبالي
# الشرك وأنواعه

सृष्टि र शासन, उपासनाको अधिकार, र काम वा गुणमा अल्लाहका साथमा अरु कसलाइ साझदार बनाउनु लाई शिर्क भनिन्छ अर्थात मुर्ति पूजा सूर्यको पूजा त्यसै गरि कुनै सन्देष्टा वा कुनै महान पुरुष वा कुनै कबर वाला संग दुआ र प्राथना गर्नु वा अल्लाह बाहेक अरु कसै संग मद्दत माग्नु वा अर्काको लागी नमाज पढनु वा ब्रत बस्नु वा अर्कै को नामले जिबह गर्नु यि सबै शिर्क हुन यसै गरि यदि कुनै व्यक्तिले सुर्य चन्द्रमा वा कबर वा कुनै मूर्ति अगाडी ढोग गर्यो भने त्यो पनि मुश्रिक हुन्छ अनि इस्लाम बाट खारिज भई हाल्छ। त्यसै गरि यदि कुनै मनुष्यले यो आस्था राख्दछ कि अल्लाहको काम र गुणहरुमा अल्लाको साथमा उहाँको अरुकोही पनि साझेदार छ भने त्यो पनि शिर्क हुन्छ।

**शिर्क दुइ प्रकारका छन्** - ठूलो शिर्क, र सानो शिर्क।

**पहिलो - ठूलो शिर्क,** अर्थात कुनै किसिमको उपासना अल्लाह बाहेक अरु कसैको लागि गर्ने, यस प्रकारको शिर्क गर्नेवाला व्यक्तिले यदि मृत्यु भन्दा पहिले तौबा अर्थात पशचाताप गरेन भने त्यो संधैको लागि नरकमा जान्छ, र उसको सबै कर्महरु विनास र बर्बाद भइहाल्छन, अल्लाह तआलाले भन्नु भएको छ : ٨٨ :الأنعام * وَلَوْ أَشْرَكُوا لَحَبِطَ عَنْهُم مَّا كَانُوا يَعْمَلُونَ * यदि तिनीहरुले अल्लाह सँग अरु कसैको साझेदारी ठहराउँछन भने तिनीहरुको सबै कर्महरु बर्बाद भइहाल्छन।

ठूला शिर्कलाई अल्लाहले तौबा नसूह अर्थात सच्चा र शुद्ध मनले क्षमा नमाँगे सम्म माफ गर्दैनन्, अल्लाह तआलाले भन्नु भयो: अल्लाह आफ्नो साझेदार बनाउनेलाई क्षमा गर्ने छैन, र उस बाहेक अरु जसलाई चाहन्छन् माफ गरिदिन्छन, र जसले ऊ सँग अरु कसैको साझेदारी ठहराउँछ भने त्यसले ठुलो अपराध गरि रहेको छ (सूरतुन्निसा ४८)।

**ठूलो शिर्कको अनेकौ प्रकारहरु मध्ये,** अल्लाह बाहेक अरुसित प्रार्थना गर्ने, मन्नत मान्ने, र बलि दिने इत्यादि कुराहरु छन्, वा अल्लाहको तुलनामा अरुलाई कायम गर्ने, र तिनीहरु संग त्यसतै माया र प्रेम गर्ने जस्तो अल्लाह संग माया गर्नुको हक र अधिकार छ अल्लाहले भन्नु भएको छ : केही मानिसहरु यस्तो पनि छन् जुन् अल्लाहको तुलनामा अरुलाई कायम गरेर तिनीहरु संग अल्लाह जस्तै माया गर्दछन्।

**दोश्रो - सानो शिर्क,** कुरआन र हदीसमा जुन कुराहरुलाई शिर्क भनिएको छ तर त्यो ठूलो शिर्कको सीमा नाँगेको छैन भने त्यसलाई सानो शिर्क भनिन्छ, र यस प्रकारको शिर्कले मान्छेलाई इस्लामबाट खारिज गर्दैन तर तौहीदमा चाहिं कमी भइहाल्छ, जस्तो कि रियाकारी अर्थात देखावटि काम, वा यस्तो कार्यहरु जुन् ठूलो शिर्क सम्म पुर्याउन सक्छ तर पुगेको छैन, जस्तो कि कबरको नजिक भएर अल्लाहको लागि नमाज पढने, र अल्लाह बाहेक अरु कसैको कसम खाने, यस विशवासको साथ कि फायदा र घाटा दिने क्षमता अल्लाह बाहेक अरु कसैमा छैन, वा यस्तो भन्ने कि «जे अल्लाहले चाहन्छन र फलानो व्यक्तिले चाहन्छ» र यस्तै अन्य कुराहरु। किन भने नबी ﷺ ले भन्नु भएकोछ *أَخْوَفُ مَا أَخَافُ عَلَيْكُمُ الشِّرْكُ الْأَصْغَرُ* तिमीहरुको निम्ति मलाई जुन कुराको सबभन्दा अधिक डर लागेको छ त्यो सानो शिर्क हो, उहाँको साथीहरुले सानो शिर्क बारे सोध्नु भयो त उहाँले भन्नु भयो **«रिया»** अर्थात देखावटि काम, ( यस हदीसलाई अहमदले बयना गर्नु भएको छ यस्तै नबी ﷺ ले भन्नु भएको छ :*مَنْ حَلَفَ بِغَيْرِ اللَّهِ فَقَدْ أَشْرَكَ* जुन सुकै व्यक्तिले अल्लाह बाहेक अरु कसैको कसम खान्छ भने त्यो अल्लाह सँग शिर्क गरिरहेको छ। (अबू दाऊद २८२९) यस प्रकारको शिर्क अन्तर्गत यो पनि आउँछ कि बिभिन्न प्रकारको रोग र दुख:बाट मुक्त हुनको लागि वा सुरक्षित हुनको लागि ताबीज लगाउने, वा धागा र बल्ला लटकाउने, तर यदि कसैको यो विश्वास छ कि ती कुराहरु मात्र कारण होइनन् बरु त्यो आफै लाभदायक अथवा हानीकारक हुन भने त्यो ठूलो शिर्कमा सामिल भइहाल्छ।